आज मिति २०८१ साल कार्तिक ०१ गते विहिबार नमोबुद्ध नगरपालिकाका नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितमा विपद् व्यवस्थापन सम्बन्धी बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०.वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११.वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२.वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३.वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४.वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५.वडा नम्बर ०३ को प्रतिनिधिः श्री रेशम बहादुर दाहाल

१६.वडा नम्बर ०७ को प्रतिनिधिः श्री श्यामगोपाल श्रेष्ठ

१७. शाखा अधिकृतः श्री बुद्धि राज आर्याल

१८.ईलाका प्रहरी कार्यालय, मंगलटार प्रमुखः श्री कृष्ण गिरी

१९. योजना अधिकृतः श्री बिष्णु कुमार अधिकारी

२०.स्वास्थ्य संयोजकः श्री सुनिल के.सी.

२१. ईन्जिनियरः श्री उज्ज्वल अर्याल

२२. वातावरण अधिकृत : श्री सन्तोष काफ्ले

२३. स्वास्थ्य सह-संयोजकः श्री कर्म लामा

२४. कृषि शाखा प्रमुखः श्री नविन अधिकारी

२५. कम्प्युटर अपरेटरः श्री राजिब श्रेष्ठ

२६. वडा सचिव वडा नं १: श्री हरिकृष्ण खड्का

२७. वडा सचिव वडा नं २: श्री मुरारी सत्याल

२८. वडा सचिव वडा नं ३: श्री मनोज बस्नेत

२९. वडा सचिव वडा नं ४: श्री बिष्णु भक्त श्रेष्ठ

३०. वडा सचिव वडा नं ५: श्री श्रीधर खनाल

३१. वडा सचिव वडा नं ६: श्री रमा विश्वकर्मा

३२. वडा सचिव वडा नं ७: श्री यशोदा तिमिल्सिना

३३. वडा सचिव वडा नं ८: श्री विरेन्द्र रावल

३४. वडा सचिव वडा नं ९: श्री गोकुल अधिकारी

३५. वडा सचिव वडा नं १०: श्री हरि थापा

३६. वडा सचिव वडा नं ११: श्री शंकर प्रसाद भट्टराई

३७. वडा सहायक वडा नं ५: श्री राम चन्द्र श्रेष्ठ

३८. भकुण्डे प्रहरी चौकी इन्चार्जः श्री [illegible]

३९. श्यामपाटि प्रहरी चौकी इन्चार्जः श्री [illegible] लोकनाथ सापकोटा

४०. कानपुर प्रहरी चौकी इन्चार्जः श्री [illegible]

४१. सूचना प्रविधि अधिकृत – विप्लव हमाल

४२. इन्द्रराज दाहाल –

४३.

४४.

४५.

४६.

४७.

४८.

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. हालसम्म भएको विपदको प्रभावका सम्बन्धमा।
३. राहत वितरण सम्बन्धमा।
४. विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ सम्बन्धमा।
५. अस्थायी खानेपानी वितरण सम्बन्धमा।
६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. ईन्धनको विवरण पठाउने सम्बन्धमा।
२. बाटो सरसफाईको विवरण पठाउने सम्बन्धमा।
३. बहुउदेशीय रकम हस्तान्तरण गर्ने सम्बन्धमा।
४. विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणको तथ्यांक संकलन गर्ने सम्बन्धमा।
५. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोको प्रकोपबाट नगरपालिका तथा वडा स्तरीय सडकहरुमा यातयात, आवतजावत, संचार, विद्युत लगायतका भौतिक पूर्वाधारहरु क्षति भएकोले सो क्षेत्रलाई सुचारु गर्न मिति २०८१/०६/१३ गते देखि हालसम्म एक्साभेटर, जे.सी.बी लगायतका मेशिनरी औजार भाडामा लगाएर काम गर्दा भकुण्डे आयल स्टोर, भकुण्डेबेशी एवं अन्य आयल स्टोरबाट खरिद गरिएको इन्धन, मेशिनरी औजारको भाडा, राहत सामग्री खरिद लगायतका कार्य वडा कार्यालयका वडा अध्यक्षज्यूले बुझीलिई वडास्तरीय सडक मर्मत तथा सरसफाईको कार्य गरिएको हुँदा सो वापतको खर्च नगरपालिकाबाट उपलब्ध गराईएको नमुना बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराई भुक्तानीका लागि नगरस्तरीय विपद् समिति, नगर कार्यपालिका एवं नगरपालिकालाई पठाउने।

निर्णय नम्बर २:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोको प्रकोपबाट नगरपालिका तथा वडा स्तरीय सडकहरुमा यातयात, आवतजावत, संचार, विद्युत लगायतका भौतिक पूर्वाधारहरु क्षति भएकोले सो क्षेत्रलाई सुचारु गर्न मिति २०८१/०६/१३ गते देखि हालसम्म एक्साभेटर, जे.सी.बी लगायतका मेशिनरी औजार भाडामा

लगाएर वडास्तरीय सडक मर्मत तथा सरसफाईको कार्य गरिएको हुँदा मेशिनरी औजारको भाडा वापतको खर्च नगरपालिकाबाट उपलब्ध गराईएको नमुना बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराई भुक्तानीका लागि नगरस्तरीय विपद् समिति, नगर कार्यपालिका एवं नगरपालिकालाई पठाउने।

निर्णय नम्बर ३:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोले प्रभावित घरपरिवारलाई युनिसेफको सहयोगमा नमोबुद्ध नगरपालिकाद्वारा संचालन गरिने CERF AA कार्यक्रमका लागि पूर्ण तथा आंशिक रुपमा प्रभावित ५ जना सम्म परिवार सदस्य भएका घरधुरीका लागि प्रति परिवार रकम रु.१५००० का दरले ४५३ घर परिवारलाई आवश्यक रकम रु. ६७,९५,००० (अक्षेरुपी सतसट्टी लाख पन्चानब्बे हजार मात्र), ५ जना भन्दा बढी परिवार सदस्य भएका घरधुरीका लागि प्रति परिवार रकम रु.२०००० का दरले ३९२ घर परिवारलाई आवश्यक रकम रु. ७८,४०,००० (अक्षेरुपी अठहत्तर लाख चालिस हजार मात्र) र कार्यालय संचालन खर्चका लागि आवश्यक रकम रु. ४,०५,५०० (अक्षेरुपी चार लाख पाँच हजार पाँच सय) गरी जम्मा रकम रु. १,५०,४०,५०० (अक्षेरुपी एक करोड पचास लाख चालिस हजार पाँच सय) नमोबुद्ध नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा प्राप्त भएको हुँदा सो रकम वडागत रुपमा संकलन गरिएको तथ्यांक अनुसार सम्पूर्ण वडामा नगदै निज प्रभावित परिवारलाई वडा कार्यालय मार्फत (वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव) वडा कार्यालयका वडा सचिवको खातामा पेश्की स्वरूप उपलब्ध गराई मिति २०८१/०८/०७ गते शुक्रबार सम्म वितरण गर्ने।

निर्णय नम्बर ४:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरोले प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि संघीय सरकारबाट प्राप्त हुने अनुदान प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिम वडा अध्यक्ष, वडा सचिव, स्थानीय प्रहरी, बैंकको प्रतिनिधिको उपस्थितिमा तपसिल बमोजिमको कार्ययोजना अनुसार नगरपालिकाको सूचना प्रविधि अधिकृत र कम्प्युटर अपरेटरबाट विपद् पोर्टलमा प्रविष्ट गर्ने र नगरपालिकाले तोकेको कर्मचारीले सहजीकरण गर्ने।

आवश्यक कागजात:

१. विपद् प्रभावितको अस्थायी आवास लाभग्राही कायम गरी पाउँ भनि प्रभावित व्यक्तिको निवेदन।
२. पूर्ण रुपमा क्षति भएको वा आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको संचरनाको फोटो।
३. परिचयपत्र (नागरिकता/राष्ट्रिय परिचयपत्र/ मतदाता परिचयपत्र वा वडाको सिफारिस)।
४. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण र चेकको प्रतिलिपि।

५. घरमुली उपस्थित नभएको अवस्थामा, मन्जुरीनामा सहितको निवेदन।

६. अस्थायी आवास निर्माण गर्ने जग्गाको विवरण खुल्ने जग्गाधनि प्रमाण पुर्जा।

७. प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामुहिक मुचुल्का पनि मान्य हुने)

८. विपदमा परी निवेदकको घर पूर्ण रुपले क्षति भएको/आंशिक क्षति भए तापनि बसोबास गर्न योग्य नरहेको उल्लेख भएको व्यहोरा अनुसार वडा कार्यालयको सिफारिस।

९. प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिमको विपद् प्रभावितको स्वघोषणा।

१०. लाभग्राहीको २ प्रति हालै खिचेको फोटो।

<u>कार्ययोजनाः</u>

मितिः तपसिलमा तोकिए बमोजिम।

समयः ७:००-१७:०० बजेसम्म।

स्थानः नमोबुद्ध नगरपालिकाको सभा हल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोक।

| क्र.सं. | वडा | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नम्बर ०१ | २०८१/०८/०९ गते | |
| २ | वडा नम्बर ०२ | २०८१/०८/१० गते | |
| ३ | वडा नम्बर ०३ | २०८१/०८/११ गते | |
| ४ | वडा नम्बर ०४ | २०८१/०८/१२ गते | |
| ५ | वडा नम्बर ०५ | २०८१/०८/१३ गते | |
| ६ | वडा नम्बर ०६ | २०८१/०८/१४ गते | |
| ७ | वडा नम्बर ०७ | २०८१/०८/१६ गते | |
| ८ | वडा नम्बर ०८ | २०८१/०८/१७ गते | |
| ९ | वडा नम्बर ०९ | २०८१/०८/१८ गते | |
| १० | वडा नम्बर १० | २०८१/०८/१९ गते | |
| ११ | वडा नम्बर ११ | २०८१/०८/२० गते | |
| १२ | निर्धारित मितिमा विशेष कारणले छुट भएको खण्डमा | २०८१/०८/२३ र २४ गते | |